सूचना प्रकाशन मितिः २०८१/१/२

# सुदूरपश्चिम प्रदेश महिला उद्यमी पुरस्कारका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

यस मन्त्रालयको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार विभिन्न स्रोत, साधन, सृजना र सीपको प्रयोग गरी सीपमूलक कार्यलाई व्यवसायिक बनाउन, उद्यमशील संस्कृतिको विकास गर्न र पर्यटनको क्षेत्रमा रोजगारी सृजना गरी उत्पादन र उत्पादकत्व बृद्धी गर्न उल्लेखनीय योगदान गरेका उत्कृष्ट महिला उद्यमीलाई नगद पुरस्कार सहित सम्मान गर्ने कार्यक्रम रहेकाले देहायको योग्यता पुगेका ईच्छुक महिला उद्यमीले कागजात र स्थानीय तहको सिफारिस सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस मन्त्रालयमा पठाईदिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुरस्कार प्राप्त गर्ने न्यूनतम आधार

(क) नेपाली नागरिक,

(ख) फौजदारी अभियोगमा कसूरदार नठहरिएको,

(ग) आफ्नै नामबाट उद्यम दर्ता गरी व्यवसाय संचालन गरेको,

(घ) विगत ५ वर्ष देखि निरन्तर रुपमा व्यवसाय संचालन गरेको,

(ङ) यथेष्ठ मात्रामा लगानी गर्ने स्रोत भएको,

(च) नियमित रुपमा सरकारलाई तिर्नुपर्ने कर बुझाएको र आफ्नो व्यवसायको लेखापरिक्षण गरेको,

(छ) आफ्नो उद्यममा श्रम सम्बन्धी प्रचलित कानूनको पालना गरेको र लैङ्गिक मैत्री वातावरण कायम गराएको |

१. पेश गर्नुपर्ने कागजातहरु:

अनुसूची-२ बमोजिमको प्रस्ताव, नागरिकताको प्रतिलिपि, दुई प्रति पासपोर्ट साइजको फोटो, उद्योग दर्ता प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, लेखा परिक्षण प्रतिवेदन,PAN/VAT दर्ताको प्रतिलिपि, सम्बन्धित स्थानीय तहको सिफारिश पत्र र बिशेष प्राथमिकता समूह खुल्ने निस्सा।

३. थप जानकारी:

क) उत्कृष्ठ महिला उद्यमी छनौट र पुरस्कार वितरण सम्बन्धी अन्य व्यवस्था मन्त्रालयको वेभसाइटमा रहेको mosd.p7.gov.np मा रहेको प्रदेश महिला उद्यमी पुरस्कार छनौट कार्यविधि, २०८० मा रहेको र उक्त कार्यविधी मन्त्रालयको वेभसाइटबाट डाउनलोड गरी हेर्न सकिनेछ ।

ख) स्थानीय तहले उत्कृष्ठमहिला उद्यमीको नामावली पठाउँदा अनुसूची १ लाई आधार मान्नु पर्नेछ ।

ग) म्याद नाघी आएका र रित नपुगेका प्रस्ताव मूल्याङ्कनमा समावेश गरिने छैन।

२०८१/१/२

...विकास अधिकृत

# सुदूरपश्चिम प्रदेश महिला उद्यमी पुरस्कार छनौट कार्यविधि, २०८०

मन्त्रिस्तरबाट स्वीकृत मितिः २०८०।१२।२०

प्रस्तावनाः विभिन्न स्रोत, साधन, श्रृजना र सीपको प्रयोग गरी सीपमूलक कार्यलाई व्यवसायिक बनाउन, उद्यमशील संस्कृतिको विकास गर्न तथा कृषि, गैर कृषि र पर्यटनको क्षेत्रमा रोजगारी सिर्जना गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न उल्लेखनीय योगदान गरेका उत्कृष्ट महिला उद्यमीको छनौट गरी प्रोत्साहन सम्मान र कदर गर्ने कार्यलाई व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन वान्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) को अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "सुदूरपश्चिम प्रदेश महिला उद्यमी पुरस्कार छनौट कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयको मन्त्रिस्तरिय निर्णयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "पुरस्कार" भन्नाले प्रदेश महिला उद्यमी पुरस्कार सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(घ) "महिला उद्यमी" भन्नाले विभिन्न स्रोत साधन, सीप र सृजनाको प्रयोग गरी उत्पादनमूलक उद्यम संचालन गरी स्वरोजगार अथवा अन्य व्यक्तिलाई पूर्ण वा आंशिक रोजगारी प्रदान गरिरहेका महिला उद्यमी सम्झनु पर्छ।

(ङ) "छनौट समिति" भन्नाले दफा ९ बमोजिम गठित छनौट तथा सिफारिस समितिलाई सम्झनु पर्छ ।

(च) "बिशेष प्राथमिकता समूह" भन्नाले दलित, एकल, अपांगता भएका, असहाय जेष्ठ नागरिक, पिछडिएको क्षेत्र, द्वन्द्व पीडित र परित्यक्त अवस्थाका महिला सम्झनु पर्छ।

३. उद्देश्यः यस कार्यविधि बमोजिम प्रदान गरिने पुरस्कारको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) उद्यमशीलताको माध्यमबाट आर्थिक सशक्तिकरणमा योगदान पुरयाएका उद्यमी महिलालाई प्रदेश सरकारले प्रोत्साहन स्वरूप कदर गर्नु,

(ख) आर्थिक रुपान्तरणको माध्यमबाट टेवा पुरयाउनु, र

(ग) उद्यमी व्यवसायी महिलाहरुको योगदान प्रति आत्म गौरवको अनुभूति दिलाउनु ।

४. मूल्यांकनका आधारहरुः (१) उत्कृष्ट महिला उद्यमी छनौटका लागि मूल्यांकनका आधारहरु अनुसूची-१ बमोजिम हुनेछन् ।

५. <u>पुरस्कार प्राप्त गर्ने योग्यताः</u> (१) पुरस्कार प्राप्त गर्नका लागि महिला उद्यमीहरुले देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) फौजदारी अभियोगमा कसूरदार नठहरिएको,

(ग) आफ्नै नामबाट उद्यम दर्ता गरी व्यवसाय संचालन गरेको,

(घ) विगत ५ वर्ष देखि निरन्तर रुपमा व्यवसाय संचालन गरेको,

(ङ) यथेष्ठ मात्रामा लगानी गर्ने स्रोत भएको,

(च) नियमित रुपमा सरकारलाई तिर्नुपर्ने कर बुझाएको र आफ्नो व्यवसायको लेखापरिक्षण गरेको,

(छ) आफ्नो उद्यममा श्रम सम्बन्धी प्रचलित कानूनको पालना गरेको र लैङ्गिक मैत्री वातावरण कायम गराएको ।

६. <u>पेश गर्नुपर्ने कागजातहरुः</u> महिला उद्यमीले देहाय बमोजिमका कागजाहरु पेश गर्नु पर्नेछः-

(क) अनुसूची-२ बमोजिमको प्रस्ताव,

(ख) नेपाली नागरिकताको प्रतिलिपि,

(ग) दुई प्रति पासपोर्ट साइजको फोटो,

(घ) उद्योग दर्ता प्रतिलिपि,

(ङ) पछिल्लो ५ बर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(च) पछिल्लो १ बर्षको लेखा परिक्षण प्रतिवेदन,

(छ) PAN/VAT दर्ताको प्रतिलिपि,

(ज) सम्बन्धित स्थानीय तहको सिफारिश पत्र,

(झ) विशेष प्राथमिकता समूह खुल्ने निस्सा, र

(ञ) फौजदारी अभियोगमा कसूरदार नठहरिएको स्वघोषणा ।

७. <u>संक्षिप्त सूचीमा नाम समावेश गर्नेः</u> (१) पेश हुन आएका प्रस्तावहरु मध्ये प्रारम्भिक चरणमा संलग्न कागजात र अनुसूची-२ बमोजिमको विवरणका आधारमा अनुसूची-१ बमोजिम मूल्यांकन गरी प्रत्येक जिल्लाबाट कम्तीमा एक जना पर्नेगरी २५ प्रतिशत उद्यमी महिलाको नाम संक्षिप्त सूचीमा समावेश गर्नुपर्नेछ ।तर यसरी संक्षिप्त सूचीमा नाम समावेश गर्दा उपलब्ध भएसम्म १५ जनाभन्दा कम हुनुपर्ने छैन ।

(२) उपदफा (१) बमोजिम संक्षिप्त सूचिमा परेकाहरुको समितिले आवश्यक्तानुसार स्थलगत अनुगमन समेत गरी अनुसूची-१ बमोजिमको मूल्यांकनका आधारमा उच्चतम अंक प्राप्त गर्ने प्रत्येक जिल्लाबाट एक/एक जना पर्ने गरी बढीमा ९ जना उत्कृष्ट महिलालाई पुरस्कारका लागि मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ ।

८. <u>पुरस्कार प्रदान गर्ने प्रक्रियाः</u> (१) पुरस्कारका लागि उत्कृष्ट महिला उद्यमी छनौटको प्रकृया देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयले प्रत्येक स्थानीय तहबाट उत्कृष्ट एकजनाका दरले महिला उद्यमीको नामावली मन्त्रालयमा पठाउनु भनी १५ दिनको सार्वजनिक सूचना प्रकाशित गर्नुका साथै सम्बन्धित स्थानीय तहलाई पत्राचार समेत गर्नुपर्नेछ ।

(ख) यस कार्यविधि बमोजिम निर्धारित योग्यता र आधारहरु पूरा गरेका महिला उद्यमीहरु मध्ये प्रत्येक स्थानीय तहबाट एक जनाको दरले उत्कृष्ट महिला उद्यमीलाई स्थानीय तहले पुरस्कारको लागि मन्त्रालय समक्ष सिफारिश गर्नु पर्नेछ ।

(ग) पुरस्कारका लागि सिफारिस गर्दा सिफारिस साथ दफा ६ बमोजिमका कागजातहरु संलग्न गर्नु पर्नेछ।

(घ) खण्ड (ख) बमोजिम सिफारिस गर्दा बिगतमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कारको अवसर नपाएका महिला उद्यमीलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

(ङ) स्थानीय तहबाट प्राप्त नामावलीहरु मूल्यांकन गर्ने प्रयोजनका लागि मन्त्रालयले दफा ९ बमोजिमको छनौट समिति समक्ष पेश गर्नुपर्नेछ ।

(च) छनौट समितिले दफा ७ बमोजिम संक्षिप्त सूची प्रकाशन र संक्षिप्त सूचीमा परेका मध्येबाट आवश्यकतानुसार सम्बन्धित उद्यमस्थलमै गई अनुगमन समेत गरी उच्चतम अंक प्राप्त गर्ने मध्ये प्रत्येक जिल्लाबाट एक/एक जना पर्ने गरी उत्कृष्ट ९ जना महिला उद्यमी छनौट गरी मन्त्रालयमा सिफारिस गर्नुपर्नेछ।

(छ) खण्ड (च) बमोजिम सिफारिस भएका महिला उद्यमीलाई मन्त्रालयले कुनै दिवसको अवसरमा वा कार्यक्रम आयोजना गरी नगद पुरस्कार सहित सम्मान गर्नेछ ।

९. <u>छनौट तथा सिफारिस समितिः</u>(१)पेश हुन आएका प्रस्तावहरुको मूल्यांकनका आधारमा उत्कृष्ट महिला उद्यमी छनौट गरी मन्त्रालय समक्ष सिफारिस गर्ने प्रयोजनका लागि देहाय बमोजिमको छनौट तथा सिफारिस समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | महाशाखा प्रमुख,सामाजिक विकास महाशाखा, मन्त्रालय | - संयोजक |
| (ख) | अधिकृत प्रतिनिधि, आर्थिक मामिला मन्त्रालय | - सदस्य |
| (ग) | शाखा प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय | - सदस्य |
| (घ) | प्रतिनिधि,उद्योग वाणिज्य संघ, कैलाली | - सदस्य |
| (ङ) | शाखा प्रमुख, महिला सशक्तिकरण तथा लैङ्गिक मूलप्रवाहिकरण शाखा, मन्त्रालय | - सदस्य सचिव |

(२) समितिको बैठक संयोजकको निर्देशानुसार सदस्य-सचिवले वोलाउनेछ ।

(३) समितिको बैठकमा बढीमा तीन जनासम्म विज्ञ तथा कर्मचारीहरु आमन्त्रित गर्न सकिनेछ ।

(४) समितिले यस कार्यविधिमा उल्लेख भए बाहेकका छनौटका अन्य आधारहरु आफै बनाउन सक्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहबाट सिफारिस भएका उद्यमी महिलाहरुको मूल्याकंन गरी संक्षिप्त सूचीमा नाम समावेश गर्ने,

(ख) संक्षिप्त सूचीमा परेका उद्यमीहरुको आवश्यकता अनुसार स्थलगत अनुगमन गर्ने,

(ग) अनुगमन तथा मूल्यांकनका आधारमा प्रत्येक जिल्लाबाट एक/एक जना पर्नेगरी उच्चतम अंक प्राप्त गर्ने उत्कृष्ट ९ जना उद्यमी महिलाको छनौट गरी मन्त्रालय समक्ष सिफारिस गर्ने ।

१०. <u>पुरस्कारको राशीः</u> (१) पुरस्कारका लागि अन्तिम छनौटमा परेका ९ जनालाई सम्मान पत्र सहित प्रति व्यक्ति पचहत्तर हजार रुपैयाका दरले पुरस्कार प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको पुरस्कार रकम उद्यमी महिलाको नाममा रहेको बैंक खातामा पठाईनेछ।

११. <u>सहयोग गर्नुपर्नेः</u> यस कार्यविधि बमोजिम गरिने कार्यमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तब्य हुनेछ।

१२. <u>कार्यविधि संशोधन गर्न सक्नेः</u> मन्त्रालयले आवश्यकतानुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

१३. <u>बाधाअड्काउ फुकाउनेः</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आईपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१४. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा लेखिएका कुराहरुमा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछन ।

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

उत्कृष्ट महिला उद्यमी छनौटका आधार(कुल ५० अंक)

**१.रोजगारीको अवस्था र महिला सशक्तिकरणमा सहयोगी भए:** **१५ अंक**

क) १० वा १० जना भन्दा बढीलाई रोजगारी दिएको भए : १० अंक

ख) ५ देखि ९ जना सम्मलाई रोजगारी दिएको भए : ७ अंक

ग) १ देखि ४ जनालाई रोजगारी दिएको भएमा : ५ अंक

घ) रोजगारी नदिएको भए: ० अंक

ङ) महिला सशक्तिकरणमा पूर्ण सहयोगी हुने भए : ५ अंक

च) आंशिक सहयोगी हुने भए - ३ अंक

छ) सहयोगी नहुने भए – ० अंक

२.विशेष प्राथमिकता प्राप्त समुहद्वारा सञ्चालित: ५अंक

क) विशेष प्राथमिकता प्राप्त समुहद्वारा सञ्चालन गरेको भए : ५अंक

ख) अन्य महिलाले सञ्चालन गरेको भए : ३ अंक

**३.महिला उद्यमी बनाउन गरेको पहल:** **५**

क) अन्य महिलाहरुलाई सीप सिकाएको भए : बढीमा ३ अंक(कम्तिमा ५ जना महिलालाई उद्यम बनाउन पहल गरेको भए पुरा अंक प्रदान गर्ने, सो भन्दा कम भए दामासाहीले अंक प्रदान गर्ने)

ख) उद्यम व्यवसायले समाजमा पारेको सकारात्मक प्रभाव: बढीमा२ अंक

४.उत्पादित वस्तु, सेवा तथा सामाग्रीको व्यवस्थापन एंव प्याकेजिङ: **५अंक**

क) उत्पादित वस्तु तथा सेवा सामाग्रीको राम्रोसंग व्यवस्थापन गरेको र आकर्षक प्याकेजिङ्ग भए :बढीमा ५ अंक र कम्तीमा २ अंक

५.वातावरणमैत्री उद्यम: ५ अंक

क) वातावरण मैत्रीभए : बढीमा ५ अंक र कम्तीमा ३ अंक(खुला स्थान, बगैचा, बोटविरुवा, बिश्रामस्थल र सरसफाईलाई आधार मानी अंक प्रदान गर्ने)

६.आर्थिक व्यवस्थापन: १० अंक

क) हिसाबकिताब, चुस्तदुरुस्तव्यवस्थापनगरीलेखाराखेको- बढीमा ३ अंक र कम्तीमा १ अंक

ख) प्रचलित कानून बमोजिम अडिट गरेको - बढीमा ३ अंक र कम्तीमा ० अक

ग) नियमित करत तिरेको भए- बढीमा ४ अंक

८. कानूनी परिपालनाको अवस्था: ५ अंक

क) बाल श्रमिक नभएको: १ अंक

ख) न्यूनतम पारिश्रमिक दिएको: १ अंक

ग) श्रमिकको काम गर्ने समय तोकिएको:१ अंक

घ) विदाको सुविधा दिएको: १ अंक

ङ) अन्य कानूनी व्यवस्थाको परिपालना: १ अंक

अनुसूची-२

(दफा ६ को खण्ड (क) सँग सम्बन्धित)

**प्रस्तावको ढाँचा**

१. महिला उद्यमीको नामः

२. उद्यमको नामः

३. ठेगानाः

४. उद्योग स्थापना मितिः

५. फोन, फ्याक्स, इमेलः

६. उद्यमको प्रकार र उत्पादनहरुः

७. रोजगार गरिरहेका कामदारको जम्मा संख्याः (क) महिलाः (ख) पुरुषः

८. उद्यमले महिला सशक्तिरणको क्षेत्रमा दिएको योगदानः

(क) ...............................

(ख) .................................

९. बिशेष प्राथमिकताको समुहमा पर्ने भएको सोको किसिमः

१०.अन्य महिलालाई उद्यम बनाउन पहल गरेको भए संख्या र कस्तो पहल गरेको छ सो उल्लेख गर्नेः

११.उत्पादित बस्तु तथा सामग्रीको व्यवस्थापन र प्याकेजिङ्गको अवस्था कस्तो रहेकोः

१२.वातावरण मैत्री रहे नरहेको(खुला स्थान, बगैचा, बोटविरुवा, बिश्रामस्थल र सरसफाई) को अवस्था कस्तो छ उल्लेख गर्नेः

(क)..............................

(ख)..............................

१३.हिसाब चुस्त दुरुस्त व्यवस्थापन गरी लेखा राखे नराखेको/के कस्तो अवस्था छ उल्लेख गर्नेः

१४.प्रचलित कानून बमोजिम अडिट गरे/नगरेको (पछिल्लो ५ बर्षको अवस्था उल्लेख गर्ने)

१५.नियमित कर तिरे नतिरेको उल्लेख गर्नेः

१६.कानून परिपालनाको अवस्थाः

(क) बाल श्रमिक भए/नभएकोः

(ख) न्यूनतम पारिश्रमिक दिए/नदिएकोः

(ग) श्रमिकको काम गर्ने समय तोकिए/नतोकिएको :

(घ) विदाको सुविधा दिए/नदिएकोकोः

(ङ) अन्य कानूनी व्यवस्थाको परिपालनाके कस्तो रहेकोः

संलग्न कागजातहरुः

(क) .........................................

(ख) ........................................

(ग) .......................................

(घ) .....................................

..............................................

उद्यमी महिलाको दस्तखत

अनुसूची -२

(दफा ६ को खण्ड (क) सँग सम्बन्धित)

**प्रस्तावको ढाँचा**

१. महिला उद्यमीको नामः

२. उद्यमको नामः

३. ठेगानाः

४. उद्योग स्थापना मितिः

५. फोन, फ्याक्स, इमेलः

६. उद्यमको प्रकार र उत्पादनहरुः

७. रोजगार गरिरहेका कामदारको जम्मा संख्याः (क) महिलाः (ख) पुरुषः

८. उद्यमले महिला सशक्तिरणको क्षेत्रमा दिएको योगदानः

(क) ..............................

(ख) ................................

९. बिशेष प्राथमिकताको समुहमा पर्ने भएको सोको किसिमः

१०. अन्य महिलालाई उद्यम बनाउन पहल गरेको भए संख्या र कस्तो पहल गरेको छ सो उल्लेख गर्नेः

११. उत्पादित बस्तु तथा सामग्रीको व्यवस्थापन र प्याकेजिङ्गको अवस्था कस्तो रहेकोः

१२. वातावरण मैत्री रहे नरहेको(खुला स्थान, बगैंचा, बोटविरुवा, बिश्रामस्थल र सरसफाई) को अवस्था कस्तो छ उल्लेख गर्नेः

(क)..............................

(ख)..............................

१३. हिसाब चुस्त दुरुस्त व्यवस्थापन गरी लेखा राखे नराखेको/के कस्तो अवस्था छ उल्लेख गर्नेः

१४. प्रचलित कानून बमोजिम अडिट गरे/नगरेको (पछिल्लो ५ बर्षको अवस्था उल्लेख गर्ने)

१५. नियमित कर तिरे नतिरेको उल्लेख गर्नेः

१६. कानून परिपालनाको अवस्थाः

(क) बाल श्रमिक भए/नभएकोः

(ख) न्यूनतम पारिश्रमिक दिए/नदिएकोः

(ग) श्रमिकको काम गर्ने समय तोकिए/नतोकिएको :

(घ) बिदाको सुविधा दिए/नदिएकोकोः

(ङ) अन्य कानूनी व्यवस्थाको परिपालनाके कस्तो रहेकोः

संलग्न कागजातहरुः

(क) ..........................................

(ख) ........................................

(ग) .......................................

(घ) ......................................

..............................................

उद्यमी महिलाको दस्तखत